मिति २०७४-०४-२२ गते राती परेको अविरल वर्षाले जिल्ला रसुवा उत्तरगया -४, पैरेबेशीमा पहिरोमा परि मानिस सहित घरहरू पुरिएको ।

मिति २०७४/०४/२२ गते राती २२:२० बजेको समयमा जिल्ला रसुवा, उत्तरगया गाउँपालिका वडा नं ४ पैरेबेशी भन्ने स्थानमा अविरल वर्षाका कारण पहिरो आई उक्त पहिरोमा परी धर्म थापाको घर पुरिँदा ७५ वर्षीय धर्म थापा, उनको बुहारी ३३ वर्षकी मुना थापा मगर, नाती ४ वर्षका रविन थापा मगर र निजको घरमा काम गर्न बसेका ७८ वर्षका भक्त बहादुर नगरकोटी सहित ४ जना घरभित्रै पुरिएका छन् । पहिरोमा परी घाइते ४० वर्षकी विन्दा थापामगरलाई उपचारका लागि त्रिशुली लगिएको छ भने अन्य ३ सामान्य घाइतेहरुलाई नुवाकोट शान्तिबजारमा उपचारको लागि लगिएको छ । रातको समयमा परेको अविरल वर्षा र पहिरोका कारण घटनास्थलमा प्रहरी चौकी बेत्रावती, रसुवाबाट प्र.स.नि.लाल बहादुर आचार्यको कमाण्डमा ५ जनाको टोली र नेपाली सेनाको टोली घटनास्थलमा पुगे पनी निजहरुको उद्धारमा कठिनाई भएकोले आज बिहानै देखी नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीको टोलीले उद्धार कार्य जारी राखेको छ । उद्धारका लागि ईलाका प्रहरी कार्यालय कालिकास्थान बाट प्र.नि. सानुबाबु भण्डारीको कमाण्डमा ५ जना, नेपाली सेनाको कालिजंग गण, कालिकास्थान पोष्टबाट सेनानी देउबहादुर गुरुङको कमान्डमा ६० जनाको टोली, शसस्त्र प्रहरी बल सिमा सुरक्षा गुल्म रसुवाबाट स.प्र.ना.नी मुकुन्द घिमिरेको कमाण्डमा ११ जनाको टोली र नुवाकोटको शान्ति बजारबाट नेपाली सेना र प्रहरी समेतको टोली घटनास्थल पुगी उद्धार कार्य गरिरहेको छ ।

यसैगरीसोही पहिरोमा परी धर्मबहादुर थापा मगर र रामचन्द्र थापा मगरको पक्की घर पूर्ण रुपमा क्षती भएको छ भने लाल बहादुरथापा मगर, गोपाल थापा मगर र हरी घलेको कच्ची घर पूर्ण रुपमा क्षती भएको छ भने अन्य ९ घरटहरामा सामान्य क्षती पुगेको छ । घटनास्थल पुग्ने बाटोको ईंटपारे भन्ने ठाउँमा पहिरो गई बाटो भासिएकाले घटनास्थल पुग्न कठिनाई भएको छ । त्यस्तै धुन्चेबाट बेत्रावति जाने बाटोमा पर्ने कालिकास्थान,कटुन्जे र धारापानी भन्ने स्थानमा पनि पहिरो गई बाटो अवरुद्ध भएकोमा एक्स्काभेटर र डोजरको साहायताले अवरुद्ध बाटो ११:१० बजे खुलेको ।

प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपाने, कालिजंग गण, रसुवाका प्रमुख सेनानी शितल बानियाँ र नेपाल प्रहरीका प्रम्ख प्र.ना.उ फणिन्द्र प्रसाईं सहितको टोली राहत रकम र राहत सामाग्री (त्रिपाल, व्ल्यांकेट र भाँडाकुँडा) सहित सदरमुकाम धुन्चेबाट घटनास्थल तर्फ खटिई जानुभएको ।